नौबहिनी गाउँपालिका

# आर्थिक ऐन-२०७४

**प्रस्तावनाः** नौबहिनी गाउँपालिकाको आर्थिक वर्ष 2074/075 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा 2 २ 8 को उपधारा (2) बमोजिम नौबहिनी गाउँ सभाले यो ऐन बनाएको छ ।

1. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम"                , 2074" रहेको छ ।

   (2) यो ऐन 2074 साल भदौ १५ गतेदेखि नौबहिनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।
2. **सम्पति करः** गाउँ कार्यपालिकाले तोकेको मिति देखि गाउँपालिका क्षेत्रभित्र अनुसूचि (1) बमोजिमको एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।
3. **नक्सा पास सम्बन्धी दस्तुर :** गाउँपालिका क्षेत्र भित्र लाग्ने नक्सा पास सम्बन्धी दस्तुर अनुसूचि (२) बमोजिम हुनेछ ।
4. **भूमि कर (मालपोत) तथा घर कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (३) बमोजिम भूमि कर (मालपोत) तथा घर कर लगाइने र असूल उपर गरिनेछ ।एकिकृत सम्पत्तिकर लागू भएपछि भुमिकर तथा घरकर लगाईने छैन ।
5. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (४) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
6. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
7. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र उत्पादित बस्तु तथा सेवा र गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (६) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।
8. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (७) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
9. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
10. **मनोरन्जन कर तथा पर्यटन शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा मनोरन्जन कर तथा ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्या फटीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत पर्यटन शुल्क अनुसूचि (९) बमोजिमको दरले मनोरञ्जन कर तथा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

11. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (१०) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

12. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (1 १) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

13. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 1 २ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

14. **गाउँपालिका क्षेत्र भित्र उत्पादित बस्तु तथा सेवामा लाग्ने शुल्क :** गाउँपालिका क्षेत्र भित्र उत्पादित बस्तु तथा सेवामा अनुसूचि (१३) बमोजिम शुल्क लगाउने र असुलउपर गर्नेछ । तर, प्रदेश तथा संघिय कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

15. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

16. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचि-१

ऐनको दफा १२० संग सम्बन्धीत

**(एकिकृत सम्पत्ति कर)**

१) एकीकृत सम्पत्ति मूल्याङ्कन स्थानीय तहको आर्थिक ऐन २०७४ बमोजिम सम्पत्ति करको दर दफा २ बमोजिम नौबहिनी गाउँपालिका एकिकृत सम्पत्ति कर व्यवस्थापन सम्बन्धी विनियम २०७४ बमोजिम गर्ने ।

२) नौबहिनी गा.पा.क्षेत्र भित्र आफ्नो नाममा रहेको सवै जग्गा र सो जग्गामा बनेको भौतिक संरचनाहरुको एकमुष्ठ सम्पत्ति मूल्याङ्कन गरी हुन आउने मूल्यका आधारमा कर निर्धारण गर्ने ।

३) एकीकृत सम्पत्ति कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डिकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पतिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाँकी रहने रकममा २५ प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गर्ने ।

४) जग्गाको मुल्याङ्कन गर्दा गाउँपालिकाको क्षेत्रमा रहेको कृषि कार्यमा प्रयोजन भएको जग्गाको पहिलो ३ वर्षसम्म साविक गा.वि.स. रहेको बेलाको कृषि योग्य जग्गाको मालपोत रजिष्ट्रेशन २०७३/०७४ को मुल्याङ्कनलाई आधार मानी एकिकृत सम्पत्ति कर प्रयोजनको लागि मुल्य कायम गरिनेछ ।

५) आर्थिक वर्ष २०७४/०७५ देखि निम्नानुसार एकिकृत सम्पत्ति कर लागु हुनेछ ।

| करयोग्य सम्पत्तिको मूल्य – | दर (बार्षिक) |
|---|---|
| रु.१,००,०००।- सम्म | रु.२५ ।- |
| रु.१,००,००१।- देखी रु.२,५०,००० ।- सम्म | रु.५० ।- |
| रु.२,५०,००१।- देखी रु.५,००,००० ।- सम्म | रु.१०० ।- |
| रु.५,००,००१।- देखी रु.१०,००,००० ।- सम्म | रु.२०० ।- |
| रु.१०,००,००१।- देखी रु.१५,००,००० ।- सम्म | रु.२५० ।- |
| रु.१५,००,००१।- देखी रु.२०,००,००० ।- सम्म | रु.४०० ।- |
| रु.२०,००,००१।- देखी रु.२५,००,००० ।- सम्म | रु.६०० ।- |
| रु.२५,००,००१।- देखी रु.३०,००,००० ।- सम्म | रु.१,००० ।- |
| रु.३०,००,००१।- देखी रु.३५,००,००० ।- सम्म | रु.१,२०० ।- |
| रु.३५,००,००१।- देखी रु.४०,००,००० ।- सम्म | रु.१,७०० ।- |
| रु.४०,००,००१।- देखी रु.४५,००,००० ।-सम्म | रु.२,२०० ।- |
| रु.४५,००,००१।- देखी रु.५०,००,००० ।- सम्म | रु.३,००० ।- |
| रु.५०,००,००१।- देखी रु.६०,००,००० ।- सम्म | रु.३,५०० ।- |
| रु.६०,००,००१।- देखी रु.७०,००,००० ।- सम्म | रु.४,९०० ।- |
| रु.७०,००,००१।- देखी रु.८०,००,०००।- सम्म | रु.६,३०० ।- |
| रु.८०,००,००१।- देखी रु.९०,००,००० ।- सम्म | रु.७,७०० ।- |
| रु.९०,००,००१।- देखी रु.१,००,००,००० ।-सम्म | रु.१०,००० ।- |
| रु.१,००,००,००१।- देखी रु.१,२०,००,००० ।- सम्म | रु.१२,००० ।- |
| रु.१,२०,००,००१।- देखी रु.१,४०,००,००० ।- सम्म | रु.१४,००० ।- |

| | |
|---|---|
| रु.१,४०,००,००१ ।- देखी रु.१,६०,००,००० ।- सम्म | रु.१६,००० ।- |
| रु.१,६०,००,००१ ।- देखी रु.१,८०,००,००० ।- सम्म | रु.१८,००० ।- |
| रु.१,८०,००,००१ ।- देखी रु.२,००,००,००० ।- सम्म | रु.२०,००० ।- |
| रु.२,००,००,००१ ।- देखी रु.२,२५,००,००० ।- सम्म | रु.३०,००० ।- |
| रु.२,२५,००,००१ ।- देखी रु.२,५०,००,००० ।- सम्म | रु.४३,५०० ।- |
| रु.२,५०,००,००१ ।- देखी रु.२,७५,००,००० ।- सम्म | रु.५२,००० ।- |
| रु.२,७५,००,००१ ।- देखी रु.५,००,००,००० ।- सम्म | रु.६०,००० ।- |
| रु.५,००,००,००१ ।- भन्दा माथी जतिसुकै भएपनि | प्रतिहजार रु.२ ।- का दरले लाग्ने छ । |

अनुसूचि-२

ऐनको दफा १३० संग सम्बन्धित

**(नक्सा पाससँग सम्बन्धित)**

| क. स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| **१** | **घर नक्शा** | | |
| **१.१** | **नक्शा प्रमाणित दस्तुर** | ५००।– | |
| **१.२** | **नक्शा पास फाराम (किताब)** | ५००।– | |
| **१.३** | **नक्शापास दस्तुर**(प्रति बर्ग फिट रु मा) | | |
| १.३.१ | **मुख्य ब्यापारीक तथा शहरी क्षेत्र तर्फ (बाहाने बजार)** | | |
| १.३.१.१ | **अ) आर. सी.सी.फ्रेम स्टकचर तर्फ** | | |
| | क) आर सी.सी. छाना जमिन तला र प्रथम तला सम्म | ५।– | |
| | ख) आर सी.सी. छाना  दोस्रो, तेस्रो र चौथो तला सम्म | ७।– | |
| | ग) आर सी.सी. छाना चौथो तला भन्दा माथि | १०।– | |
| १.३.१.२ | **आ) लोडबेरिङ्ग स्टकचर तर्फ (सिमेन्ट जोडाईमा ईटा र ढुङ्गाको गारो)** | | |
| | क) आर सी.सी. छाना जमिन तला | ४।– | |
| | ख) आर सी.सी. छाना प्रथम तला र दास्रो तला | ५।– | |
| | ग) जस्ता छाना अन्य जमिन तला, प्रथम तला र दोस्रो तला सम्म | ३।– | |
| | घ) सिमेन्ट ब्लक ५ इन्ची गारो जस्ता छाना, अस्थायी टहरो गोदाम आदी | १।– | |
| १.३.१.३ | **इ) लोडबेरिङ्ग स्टकचर तर्फ (माटोको जोडाईमा ईटा र ढुङ्गाको गारो)** | | |
| | क) आर सी.सी. छाना जमिन तला भई प्रथम तलामा जस्ता छाना भएको | २।– | |
| | ख) जस्ता छाना जमिन तला र प्रथम तलासम्म | १।– | |
| | ग) जस्ता छाना मात्र लगाएको अवस्थामा | १।– | |
| १.३.२ | **ग्रामिण बजार तर्फ** | | |
| १.३.२.१ | **अ) आर. सी.सी.फ्रेम स्टकचर तर्फ** | | |
| | क) आर सी.सी. छाना जमिन तला र प्रथम तलासम्म | ३।– | |
| | ख) आर सी.सी. छाना दोस्रो, तेस्रो र चौथो तलासम्म | ४।– | |
| | ग) आर सी.सी. छाना चौथो तला भन्दा माथि | ५।– | |
| १.३.२.२ | **आ) लोडबेरिङ्ग स्टकचर तर्फ (सिमेन्ट जोडाईमा ईटा र ढुङ्गाको गारो)** | | |
| | क) आर सी.सी. छाना जमिन तला | २।– | |
| | ख) आर सी.सी. छाना प्रथम तला र दोस्रो तला | ३।– | |
| | ग) जस्ता छाना अन्य जमिन तला, प्रथम तला र दोस्रो तलासम्म | २।– | |
| | घ) सिमेन्ट ब्लक ५ इन्च गारो जस्ता छाना, अस्थायी टहरो गोदाम आदी | १। | |
| १.३.२.३ | **इ) लोडबेरिङ्ग स्ट्रकचर तर्फ** | | |

| | | | |
|---|---|---|---|
| | **(माटोको जोडाईमा ईटा र ढुङ्गाको गारो)** | | |
| | क) आर सी.सी. छाना जमिन तला भई प्रथम तलामा जस्ता छाना भएको | २।– | |
| | ख) जस्ता छाना जमिन तला र प्रथम तला सम्म | १।– | |
| | ग) जस्ता छाना मात्र लगाएको अवस्थामा | १।– | |
| १.३.३ | **ग्रामिण आवासिय क्षेत्र तर्फ** | | |
| १.३.३.१ | **अ) आर. सी.सी. फ्रेम स्टकचर तर्फ** | | |
| | क) आर सी.सी. छाना जमिन तला र प्रथम तला सम्म | २। | |
| | ख) आर सी.सी. छाना दोस्रो, तेस्रो र चौथो तला सम्म | ३।– | |
| | ग) आर सी.सी. छाना चौथो तला भन्दा माथि | ३। | |
| १.३.३.२ | **आ) लोडबेरिङ्ग स्टकचर तर्फ (सिमेन्ट जोडाईमा ईटा र ढुङ्गाको गारो )** | | |
| | क) आर सी.सी. छाना जमिनतला | २।– | |
| | ख) आर सी.सी. छाना प्रथम तला र दास्रो तला | ३। | |
| | ग) जस्ता छाना अन्य जमिन तला, प्रथम तला र दोस्रो तलासम्म | २। | |
| | घ) सिमेन्ट ब्लक ५ इन्ची गारो जस्ता छाना, अस्थायी टहरो गोदाम आदी | १।– | |
| १.३.३.३ | **इ) लोडबेरिङ्ग स्टकचर तर्फ (माटोको जोडाईमा ईटा र ढुङ्गाको गारो)** | | |
| | क) आर सी.सी. छाना जमिन तला भई प्रथम तलामा जस्ता छाना भएको | १।५० | |
| | ख) जस्ता छाना जमिन तला र प्रथम तला सम्म | १। | |
| | ग) जस्ता छाना मात्र लगाएको अवस्थामा | १। | |
| १.३.४ | **कृषि प्रयोजन तर्फ** | | |
| १.३.४.१ | **अ) पशु तथा पंक्षीको खोर, गोठ निर्माण तर्फ** | | |
| | क) आर. सी. सी. स्टकचर जमिनतला | १।५० | |
| | ख) आर. सी. सी. स्टकचर प्रथमतला र सो भन्दा माथि | २।– | |
| | ग) लोडबेरिङ्ग जस्ता छाना जमिन तला | १।– | |
| | घ) लोडबेरिङ्ग जस्ता छाना प्रथम तला र सो भन्दा माथि | १।५० | |
| | ङ) साधारण खरको छाना | ०।५० | |
| १.३.५ | **सार्वजनि संघसंस्था तर्फ** | | |
| | क) सरकारी कार्यालय र सरकारी स्तरका शैक्षिक संस्था (ब्यापारीक प्रयोजन बाहेक) | | स्वीकृत लिनु पर्ने |
| | ख) सार्वजनिक मठमन्दिर, गुम्बा मस्जिद, चर्च पाटी पौवा | | स्वीकृत लिनु पर्ने |
| १.३.६ | कम्पाउण्ड, वाल तर्फ (रनिङ्ग फिटमा) | १।– | |
| १.३.७ | नक्शा पास तर्फ सेवा शुल्क | ५००।– | |
| **१.४** | नक्शा नक्कल दस्तुर (नक्शा र प्रमाणपत्र समेत) | ७००।– | |
| **१.५** | नक्शापास प्रमाणपत्र मात्र नक्कल दस्तुर | ५००।– | |
| **१.६** | **नक्शा तर्फको घरनक्शा नामसारी दस्तुर** | | |
| १.६.१ | क) अंशबण्डाबाट, पारिवारिक नामसारी | ५००।– | |
| १.६.२ | ख) अन्य राजिनामाबाट नामसारी | ८००।– | |
| **१.७** | नक्शापास जरिवाना अध्यक्षबाट तोकिए बमोजिम हुनेछ। | ५ सय देखि १५ सय सम्म | |
| **१.८** | गाउँपालिका घोषणा हुन पुर्व निर्मित घर, भवन तथा संरचनाहरुको नक्सा प्रमाणित गर्ने कार्यमा माथि उल्लेखित बर्गिकरण अनुसार छुट्टयाई अभिलेखीकरणको लागि तोकिएको दस्तुरमा आर्थिक बर्ष ०७४/०७५ सम्मको लागि मात्र लागु हुने गरी ५०% प्रतिशत छुट दिईने छ। | | |
| **१.९** | माथि उल्लेखित क्षेत्रमा व्यापारिक प्रयोजनका लागि बनाईएको भवनको लागि थप रु. ०।५० प्रति | | |

| | |
|---|---|
| | स्क्वायर फिटको दरले थप दुस्तुर लगाउने । |
| **१.१०** | आवासीय घर भन्दा बाहिर सोही कित्तामा भान्सा घर वा यस्तै प्रकृतिका १३० वर्ग फिट सम्मका जस्ताले छाएको १ तले संरचनाको लागि १ मुष्ट रु. २५० थप दस्तुर लगाउने । |
| **१.११** | आवसीय भवनलाई व्यवसायिक भवनमा परिवर्तन गर्नका लागि प्रति स्क्वायर फिट रु. १।- थप दस्तुर लगाउने, सोको लागि आवश्यक सेटव्याक अनिवार्य रुपमा पुगेको हुनुपर्नेछ । |
| **१.१२** | निर्माण भई सकेको भवनका संरचनामा परिवर्तन गर्नु परेमा माथि उल्लेखित वर्गीकरण अनुसार प्लिन्थ एरियामा प्रति स्क्वायर फिटको दरले थप दस्तुर लगाउने । |
| **१.१३** | निर्माण भई सकेको भवनमा झ्याल, ढोका, गारो जस्तो प्लिन्थ एरियालाई फरक नपर्ने गरी गरिएको परिवर्तनका लागि एकमुष्ट रु. १०००। थप दस्तुर लगाउने । |
| **१.१४** | पास भएको नक्सा भन्दा संरचनामा फरक पार्नु परेमा प्लिन्थ एरिया बढेमा सोही अनुसारको थप दस्तुर लाग्नेछ तर प्लिन्थ एरिया घटेमा पूरानो दस्तुर नै कायम रहनेछ । |
| **१.१५** | नक्सा पास/एकिकृत सम्पत्ति करको हकमा यदि कुनै घर निर्माण भएको घडेरी जग्गाको जग्गाधनी पूर्जाको हकमा न्यायिक उपचार, अनुसन्धानमा रहेको भए यस्तो जग्गामा निर्माण भएको घरको नक्सा पास/मुल्याङ्कन गर्ने व्यवस्था मिलाउने र पछि कानुन बमोजिम ठहरे अनुसार जग्गाको हकमा निर्णय हुने । यो नियम ८ नं. घडेरी (प्रति ऐलानी, सार्वजनिक जग्गा बाहेक)मा बनेको घर/भवनमा समेत लागु हुनेछ । |

**नोट :–**

**नक्सा पास प्रयोजनका लागि वर्गिकृत क्षेत्रहरु :**

१. मुख्य व्यापारिक तथा शहरी क्षेत्र : बाहाने बजार क्षेत्र

२. ग्रामिण बजार क्षेत्र : अँधेरी खोला बजार, बल्लेखोला बजार, खवाङ बैंसी, खवाङको देउराली क्षेत्र, रिठाघाट खवाङ, भेण्डा, लिघा, डाडा कटेरी, लिघाको बोक्सीधारा, सहकारी क्षेत्र, फोप्ली बजार, लुप्लुङ बजार, लुङ बजार, फागुने पोखरी बजार,फोप्लीको थात्रा,डाम्रीको काभ्राफेद, स्याउलीवाङको ठुलो गाउँ, मैनामारे

३. ग्रामिण तथा आवासीय क्षेत्र : माथि बाहेकका सबै क्षेत्रहरु

## अनुसूचि-३

ऐनको दफा ९४० संग सम्बन्धित

**भूमिकर (मालपोत )**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| **१** | **घर जग्गा सम्बन्धी सिफारिस** | | |
| **१.१** | **मालपोत तथा भुमिकर (प्रति रोपनी)** | | |
| | न्युनतम १० रोपनी सम्म एकमुष्ट | रु.२०। | |
| | १० रोपनी देखि २० रोपनी सम्म प्रति रोपनी थप | रु.३ का दरले | |
| | २० रोपनी देखि ४० रोपनी सम्म प्रति रोपनी थप | रु. ५ का दरले | |
| | ४० रोपनी देखि ६० रोपनी सम्म प्रति रोपनी थप | रु. ८ का दरले | |
| | ६० रोपनी भन्दा माथि जति सुकै भएपनि प्रति रोपनी थप | रु.१० का दरले | |

| | | | |
|---|---|---|---|
| | विलम्व दस्तुर ५० प्रतिशत थप लाग्नेछ । | | |

**घर कर तर्फ :**

| | | | |
|---|---|---|---|
| १. | पक्की ढलान घर | प्रति तला रु.१००। | |
| २. | ढुंगा इटाको जोडाइ टीन र ढुंगाको छाना | प्रति तला रु.५०। | |
| ३. | माटो ढुंगामा फुसको छानो | रु.२०। | |

## अनुसूचि-४

ऐनको दफा ९५० संग सम्बन्धित

(**घर बहाल कर**)

| क. स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सबै प्रकारको जग्गा, भवन, सभाहल, टहरा, पोखरी आदि भाडामा दिदाँ | २% | |
| २ | फोहर मैला सेवा शुल्क | ५००।– | मुख्य बजार क्षेत्रको ३ तले घरसम्म |

## अनुसूचि-५

ऐनको दफा ९६० संग सम्बन्धित

(**व्यवसाय कर**)

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| **१** | **व्यापारिक बस्तु** | | |
| **१.१** | **मदिरा पसल** | | |
| १.१.१ | रक्सी, वियरको डिस्ट्रिब्युटर्स | १०,०००/ | |
| १.१.२ | रक्सी, वियरको थोक पसल | ५,०००/ | |
| १.१.३ | रक्सी, वियरको खुद्रा बिक्री पसल | १,०००/ | |
| **१.२** | **सुर्ती जन्य (धूम्रपान) पसल** | | |
| १.२.१ | चुरोट, विडी, सूर्तीजन्य पदार्थको डिलर पसल | ५,०००/ | |
| १.२.२ | चुरोट, विडी, सूर्तीजन्य पदार्थको थोक पसल | २,५००/ | |
| १.२.३ | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खूद्रा पसल(क) | ५००/ | |
| १.२.४ | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खूद्रा पसल(ख) | २५०/ | |
| १.२.५ | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खूद्रा पसल(ग) | १५०/ | |
| **१.३** | **हल्का पेय पदार्थ पसल** | | |
| १.३.१ | हल्का पेय पदार्थको डिलर | २,०००/ | |
| १.३.२ | हल्का पेय पदार्थको खुद्रा पसल (क) | ५००/ | |
| १.३.३ | हल्का पेय पदार्थको खुद्रा पसल (ख) | २५०/ | |
| १.३.४ | हल्का पेय पदार्थको खुद्रा पसल (ग) | १५०/ | |
| **१.४** | **सून चांदी पसल** | | |
| १.४.१ | सुन चांदी पसल श्रेणी (क) १ करोड भन्दा बढी लगानी | ५,०००/ | |
| १.४.२ | सुन चांदी पसल श्रेणी (ख) ५० लाख देखि १ करोड सम्म | २,५००/ | |
| १.४.३ | सुन चांदी पसल श्रेणी (ग) २० लाख देखि ५० लाख सम्म | १,५००/ | |

| | | | |
|---|---|---|---|
| १.४.४ | सुन चांदी पसल श्रेणी (घ) १० लाख देखि २० लाख सम्म | १,०००/ | |
| १.४.५ | सुन चांदी पसल श्रेणी (ङ) १० लाख सम्म | ५००/ | |
| **१.५** | **औषधी व्यवसाय** | | |
| १.५.१ | औषधी सुपर डिस्ट्रिव्यूटर्स | ३,०००/ | |
| १.५.२ | औषधी थोक तथा डिस्ट्रिव्यूटर्स | २,५००/ | |
| १.५.३ | औषधी खुद्रा पसल (डक्टर भएको) | २,०००/ | |
| १.५.४ | औषधी खुद्रा पसल (डक्टर नभएको) | १,५००/ | |
| **१.६.** | **आयुर्वेदिक औषधी पसल** | | |
| १.६.१ | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल | २,०००/ | |
| १.६.२ | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा | १,०००/ | |
| १.६.३ | एग्रोभेट थोक पसल | २,०००/ | |
| १.६.४ | एग्रोभेट खुद्रा पसल | १,०००/ | |
| **१.७** | **स्टेशनरी तथा पुस्तक पसल** | | |
| १.७.१ | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स | ३,०००/ | |
| १.७.२ | स्टेशनरी तथा पुस्तक थोक | २,५००/ | |
| १.७.३ | स्टेशनरी तथा पुस्तक खुद्रा (क) | २,०००/ | |
| १.७.४ | स्टेशनरी तथा पुस्तक खुद्रा (ख) बाहाने बजार | १,०००/ | |
| १.७.५ | स्टेशनरी तथा पुस्तक खुद्रा (ग) ग्रामिण बजार क्षेत्र | ५००/ | |
| १.७.६ | मूद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ३,०००/ | |
| **१.८** | **डिपार्टमेन्टल पसल** | | |
| १.८.१ | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी (क) | १०,०००/ | |
| १.८.२ | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी (ख) | ५,०००/ | |
| **१.९** | **कस्मेटिक पसल** | | |
| १.९.१ | कस्मेटिक थोक पसल | ३,०००/ | |
| १.९.२ | कस्मेटिक खूद्रा पसल श्रेणी (व्यूटीपार्लर सहित) | २,०००/ | |
| १.९.३ | कस्मेटिक खूद्रा पसल श्रेणी (क) | १,०००/ | |
| १.९.४ | कस्मेटिक खूद्रा पसल श्रेणी (ख) | ५००/ | |
| **१.१०** | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | | |
| १.१०.१ | मोटर पार्ट सामान विक्री श्रैणीक (सोरुम सहित) | १०,०००/ | |
| १.१०.२ | मोटर पार्ट सामान विक्री श्रेणी ख (सर्भिस सहित) | ५,०००/ | |
| १.१०.३ | बोडी विल्डर्स सामान विक्री श्रेणी (क) | ५,०००/ | |
| १.१०.४ | बोडी विल्डर्स सामान विक्री श्रेणी (ख) | २,०००/ | |
| **१.११** | **लुब्रिकेसन सेक्सन तर्फ** | | |
| १.११.१ | लुब्रिकेसन डिस्टिव्यूटर्स | ३,०००/ | |
| १.११.२ | लुब्रिकेसन थोक पसल | २,५००/ | |
| १.११.३ | लुब्रिकेसन खुद्रा पसल | २,०००/ | |
| **१.१२** | **प्लाई तथा ग्लास हाउस** | | |
| १.१२.१ | प्लाई तथा ग्लास हाउस थोक पसल | ४,०००/ | |

| | | | |
|---|---|---|---|
| १.१२.२ | प्लाई तथा ग्लास हाउस खुद्रा पसल(क) | ३,०००/ | |
| १.१२.३ | प्लाई तथा ग्लास हाउस खुद्रा पसल(ख) | २,०००/ | |
| १.१२.४ | प्लाई तथा ग्लास हाउस खुद्रा पसल(ग) | १,०००/ | |
| **१.१३** | **कपडा तथा फेन्सी पसल** | | |
| १.१३.१ | कपडा,फेन्सी तथा व्याग थोक पसल | ४,०००/ | |
| १.१३.२ | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी (क) बाहाने बजार क्षेत्र | २,०००/ | |
| १.१३.३ | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी (ख) ग्रामिण बजार क्षेत्र | १,०००/ | |
| **१.१४** | **धागो टांक फस्नर थोक पसल** | | |
| १.१४.१ | धागो, टांक, फस्नर थोक पसल | १,०००/ | |
| १.१४.२ | धागो, टांक, फस्नर खुद्रा पसल | ५००/ | |
| **१.१५** | **इलेक्ट्रोनिक विक्री पसल** | | |
| १.१५.१ | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्यूटर्स | ४,०००/ | |
| १.१५.२ | इलेक्ट्रोनिक, इलेक्ट्रिकल थोक पसल | ३,०००/ | |
| १.१५.३ | इलेक्ट्रोनिक खूदा पसल श्रेणी (क) बाहाने बजार क्षेत्र | २,०००/ | |
| १.१५.४ | इलेक्ट्रोनिक खूदा पसल श्रेणी (ख) ग्रामिण बजार क्षेत्र | १,०००/ | |
| १.१५.५ | रेडियो, घडी, क्याल्कुलेटर मात्र बिक्री पसल | १,०००/ | |
| १.१५.६ | अडियो, भिडियो क्यासेट पसल | ५००/ | |
| **१.१६** | **विद्यूत सामाग्री पसल** | | |
| १.१६.१ | विद्यूत सामाग्री थोक पसल फ्रिज टि.भी. समेत | २,०००/ | |
| १.१६.२ | विद्यूत सामाग्री खुद्रा पसल (क) बाहाने बजार क्षेत्र | १,०००/ | |
| १.१६.३ | विद्यूत सामाग्री खुद्रा पसल (ख) ग्रामिण बजार क्षेत्र | ५००/ | |
| **१.१७** | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | | |
| १.१७.१ | थोक पसल | ३,०००/ | |
| १.१७.२ | खुद्रा पसल श्रेणी क (छड, सिमेन्ट सहित) | २,५००/ | |
| १.१७.३ | खुद्रा पसल श्रेणी ख अन्य | २,०००/ | |
| **१.१८** | **पेट्रोलियम पदार्थ** | | |
| १.१८.१ | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १०,०००/ | |
| १.१८.२ | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ३,०००/ | |
| १.१८.३ | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | २,०००/ | |
| १.१८.४ | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | १,०००/ | |
| १.१८.५ | ग्यांस सिलिण्डर डिलर सव डिलर | १,०००/ | |
| **१.१९** | **स्टील, आल्मुनियमको पसल** | | |
| १.१९.१ | स्टील, आल्मुनियमको थोक पसल | २,०००/ | |
| १.१९.२ | स्टील, आल्मुनियमको खूद्रा पसल | १,५००/ | |
| **१.२०** | **फर्निशर्स पसल** | | |
| १.२०.१ | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | ३,०००/ | |
| १.२०.२ | फ्लोरिङ तथा फर्निशर्स खूद्रा पसल (क) | २,०००/ | |
| १.२०.३ | फ्लोरिङ तथा फर्निशर्स खूद्रा पसल (ख) | १,०००/ | |
| **१.२१** | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | | |

| | |
|---|---|
| क) | प्रयोजनका लागि लाग्ने श'ल्कमा २०% प्रतिशत छ'ट दिइने छ। |
| ख) | घर जग्गाको म'ल्याकंन तोकिए बमोजिम गरिनेछ। |
| ग) | भौतिक संरचनाको मुल्याङ्कन वा भौतिक संरचनाको सम्वन्धमा सिफारिसका लागि नक्सापास प्रमाण पत्र वा नक्शापास दस्तुर बुझाएको निस्सा अनिवार्य पेश ग र्नु पर्नेछ त्यस्तो प्रमाण पेश गर्न नसकेको हकमा मौजुदा भौतिक संरचनाको आकार प्रकारका आधारमा लाग्ने नक्शापास दस्तुर वरावरको रकम जरिवाना लिई मात्र सिफारिस दिईनेछ र कोही कसैले आफ्नो जग्गाको हक क्षेत्र भन्दा वाहिर पर्ने गरी वनाएको भौतिक संरचनाको मुल्याकंन गराई कर शुल्क भुक्तान गर्न'लाई उक्त जग्गाको स्वामित्व प्राप्तिको आधार मानिने छैन। |

नोट ः गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको जग्गा, भवन, हेभि ईक्विईपमेन्ट, लगायत अचल सम्पत्ति गाउँ कार्यपालिकाले तोकेको दररेट तथा समय अवधिको लागि कुनै ब्यक्ति वा संस्थालाई भाडामा दिन सक्नेछ ।